# कालीगण्डकी गाउँपालिका,स्याङ्जा

## गाउँ कार्यपालिकाको बैठक नं. ८

(मिति २०८२ मंसिर १४)

गाउँ कार्यपालिकामा प्रस्तावको रुपमा पेश हुन आएका निम्न विषयहरुमा गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री खिम बहादुर थापाज्यूको अध्यक्षता तथा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा छलफल भै सर्वसम्मतिमा देहायमै उल्लेख भए बमोजिम निर्णयहरु गरिएको छ ।

| दस्तखत | पदाधिकारी | गाउँपालिका/वडा नं. | नाम,थर |
|---|---|---|---|
| | अध्यक्ष | गाउँपालिका | श्री खिम बहादुर थापा |
| | उपाध्यक्ष | गाउँपालिका | श्री सावित्रा कोईराला |
| | वडा अध्यक्ष | १ | श्री कृष्ण बहादुर लामिछाने |
| | वडा अध्यक्ष | २ | श्री खगिसरा आले |
| | वडा अध्यक्ष | ३ | श्री देवेन्द्र कुमार थापा |
| | वडा अध्यक्ष | ४ | श्री यादव प्रसाद पाण्डेय |
| | वडा अध्यक्ष | ५ | श्री रुक बहादुर थापा |
| | वडा अध्यक्ष | ६ | श्री सुन्दर प्रसाद अधिकारी |
| | वडा अध्यक्ष | ७ | श्री उम प्रसाद भट्टराई |
| | कार्यपालिका सदस्य | | श्री हुमा देवी सार्की |
| | कार्यपालिका सदस्य | | श्री टिकीसरा भट्टराई |
| | कार्यपालिका सदस्य | | श्री दिपा सिंजाली |
| | कार्यपालिका सदस्य | | श्री रुपमाया राना |
| | कार्यपालिका सदस्य | | श्री लोक बहादुर सुनार |
| | कार्यपालिका सदस्य | | श्री प्रेम सिंह बोटे |
| | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | भेषराज आचार्य |
| | | | |

कार्यपालिका बैठकका प्रस्तावहरु

१) वडाको सीमाना हेरफेर सम्बन्धमा

२) खानेपानी मुलदर्ता सम्बन्धमा

३) राष्ट्रपति रनिङ्शिल्ड खेलकुद प्रतियोगिताको खर्च समर्थन सम्बन्धी

४) मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्तावना पेश गर्ने सम्बन्धी

५) जैविक मल कारखाना सञ्चालन गर्ने सम्बन्धी

६) विविध

निर्णय नं. १

प्रस्ताव नं. १ सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६ बमोजिम गाउँपालिकाको वडाहरुको सीमाना हेरफेर गर्नुपर्ने भएमा सीमाना हेरफर गर्नुपर्ने वडाका नागरिक, राजनीतिक दल लगायत सरोकारवालाहरुसँग छलफल गरी आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं २ सम्बन्धमा यस गाउँपालिका वडा नं. ७ मा अवस्थित सरुन वझैँडाँडा लिफ्टिङ खानेपानी आयोजनाको मूल दर्ताको लागि नियमानुसारको सूचना प्रकाशन गरिएकोमा कुनै उजुरी नपरेकोले उक्त खानेपानीको मूल दर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

मिति २०८२ कार्तिक २६ र २७ गते सञ्चालन भएको ७ औं राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगितामा खर्च भएको रकम रु ८,७५,९१५/- (आठ लाख पचहत्तर हजार नौ सय पन्ध्र रुपैया) अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ सम्बन्धमा गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८२/०८/०९ मा प्रकाशित सूचना अनुसार मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि यस कालीगण्डकी गाउँपालिकामा कालीगण्डकी केन्द्रीय अनुगमन प्रणाली (Kaligandaki-CMS) कार्यक्रमको लागि रु २ करोड लागतको प्रस्ताव पेश गर्ने र उक्त कार्यक्रम कार्यान्यनका लागि कार्यविधि बमोजिम २५ प्रतिशत रकम लागत साझेदारीका बेहोर्ने निर्णय गरियो ।

निर्णय नं. ५

बायोमासमा आधारित जैविक मल उत्पादनको लागि कारखाना लगायत भौतिक पूर्वाधार निर्माणको कार्य सम्पन्न गर्नको लागि कार्यालयमा आवश्यक जनशक्ति नभएको हुँदा नियमानुसार परामर्श दातृ निकायवाट विशेषज्ञसँग परामर्श सेवा खरिद गर्ने, कालीगण्डकी कृषि उद्यमी महिला सहकारी संस्था लिमिटेड संस्था आद्धता गरि साझेदारीमा कार्य सम्पन्न गर्ने निर्णय गरियो । साथै जैविक मल उत्पादन कार्यको लागि संयोजन गर्न अर्को व्यवस्था नहुदाँसम्म यस कार्यालयमा कार्यरत कृषि अधिकृत अनुप पौड्याललाई जिम्मेवारी दिने निर्णय गरियो ।

**भेषराज आचार्य**
**प्रमुख प्रशासकीय अधिकृत**

निर्णय नं. ६

क) मिति २०८२/०८/०५ गते विश्व बालदिवसको सन्दर्भमा एकीकृत सेवा कार्यालय स्याङ्जाले आयोजना गरेको विद्यालय स्तरीय पञ्चेबाजा प्रतियोगितामा यस गाउँपालिकावाट जनता मा.वि. पञ्चे वाजा समूह सहभागी भई प्रथम स्थान हासिल गरेको हुँदा सहभागीहरुलाई प्रोत्साहन स्वरुप जनही रु एक हजार रुपैया प्रदान गर्ने निर्णय गरियो।

ख) यस गाउँपालिका वडा नं ७ मिर्मी निवासी साधु वजरंग दास ईश्वरी प्रसाद भट्टराईको आर्थिक अवस्था निकै कमजोर एवं वेसहरा भएकोले निजलाई रु अठार हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**भेषराज आचार्य**
प्रमुख प्रशासकीय अधिकृत